# अजिरकोट गाउँपालिका

## गाउँ कार्यपालिका

गोरखा

बैठक नं. १५१

मिति : २०८३।०४।२९ गते शुक्रबार

आज मिति २०८३ साल श्रावण २९ गते शुक्रबारको दिन अजिरकोट गाउँपालिका, गोरखाका अध्यक्ष श्री दीपक देवकोटाज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारी ज्यूहरुको समउपस्थितिमा गाउँ कार्यपालिकाको १५१ औं बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो।

उपस्थिति

१. गाउँपालिका अध्यक्ष श्री दीपक देवकोटा

२. गाउँपालिका उपाध्यक्ष श्री अनिता भुजेल

३. १ नं. वडा अध्यक्ष श्री मनोज गुरुङ

४. २ नं. वडा अध्यक्ष श्री कृष्ण बहादुर गुरुङ

५. ३ नं. वडा अध्यक्ष श्री बाबुराम अधिकारी

६. ४ नं. वडा अध्यक्ष श्री जङ्ग बहादुरगुरुङ

७. ५ नं. वडा अध्यक्ष श्री बिख ध्वज गुरुङ

८. कार्यपालिका सदस्य श्री सदिक्षा गुरुङ

९. कार्यपालिका सदस्य श्री बिन्दा तामाङ

१०. कार्यपालिका सदस्य श्री उमा गुरुङ

११. कार्यपालिका सदस्य श्री कमला सुनार

१२. कार्यपालिका सदस्य श्री सलिल परियार

१३. कार्यपालिका सदस्य श्री धनराज घले

१४. आमन्त्रित सदस्य : श्री बेल बहादुर परियार

१५. प्रमुख प्रशासकीय अधिकृत श्री ज्ञानुराम पन्थी

व्यवस्थापन सहयोगी

श्री लाल प्रसाद पौडेल (प्रशासकीय अधिकृत)

श्री गग वि.क. (प्रशासकीय अधिकृत)

श्री इश्वर थापा (व. लेखा सहायक)

श्री चन्द्रकला अधिकारी (का.स.)

**अजिरकोट गाउँपालिका**
**मिति २०८३।०४।२९ गते शुक्रबार**

**गाउँ कार्यपालिकाको १५१ औं बैठकका प्रस्तावहरु**

**प्रस्ताव नं. १ - कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको समिक्षा गर्ने ।**

**१. पृष्ठभूमी**

अजिरकोट गाउँ कार्यपालिकाको २०८३ अषाढ २२ गते १५० औं बैठकमार्फत विभिन्न निर्णयहरु भई कार्यान्वयनको अवस्थामा रहेका ।

**२. प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य**

अजिरकोट गाउँकार्यपालिकाका बैठकका निर्णयहरु समिक्षा गर्दै सार्थक तथा गुणस्तरिय कार्यान्वयन तथा सो को पृष्ठपोषणकको लागि समिक्षा गर्नुपर्ने भएको ।

**३. निणर्यका आधार र कानूनी व्यवस्था**

स्थानिय सरकार संचालन ऐन, २०७४ तथा प्रचलित कानून बमोजिम स्थानीय तहले आफ्ना निर्णयहरु तथा विकास निर्माण कार्यको कार्यान्वयनको समिक्षा गर्नुपर्ने प्रावधान रहेको ।

**४. निर्णय हुनुपर्ने व्यहोरा**

अजिरकोट गाउँ कार्यपालिकाको १५० औं बैठकमार्फत भएका तपसिलका निर्णयहरु कार्यान्वयनको अवस्थााको समिक्षा गरियो ।

| **क्र.स.** | **निर्णय** | **कार्यान्वयनको अवस्था** | **कैफियत** |
|---|---|---|---|
| १ | आवधिक योजना २०८३।०८४ देखि २०८७।०८८ स्विकृत गर्ने । | स्वीकृत भएको । | |
| २ | क्षमता बिकास योजना स्विकृत गर्ने । | स्वीकृत भएको । | |
| ३ | संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) | स्वीकृत भएको । | |
| ४ | राजश्व सुधार कार्ययोजना २०८३।०८४ देखि २०८७।०८८ स्विकृत गर्ने । | स्वीकृत भएको । | |

**प्रस्ताव नं २ - अजिरकोट गाउँपालिका अन्तर्गतका सामुदायीक बिद्यालयहरुमा कार्यरत गाउँपालिका अनुदानका शिक्षक तथा कर्मचारीहरुको तलबमान स्वीकृत गर्ने।**

**१। पृष्ठभूमी**

अजिरकोट गाउँपालिका तथा मातहतका सामुदायीक विद्यालयहरुमा करार तथा अस्थायी दरवनदिमा शिक्षक तथा कर्मचारीहरु कार्यरत रहेका ।

**२। प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य**

अजिरकोट गाउँकार्यपालिका अन्तर्गत विभीन्न सामुदायीक विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको आ.व. २०८३|०८४ को लागि करार सम्झौता नविकरण गरी तलबमान निर्धारण गर्नु पर्ने भएको।

**३। निणर्यका आधार र कानूनी व्यवस्था**

नेपालको संविधान तथा स्थानिय सरकार संचालन ऐन, २०७४ अनुसार सामुदायीक विद्यालयहरुमा शिक्षाको गुणस्तर बढाउन शिक्षक तथा कर्मचारी भर्ना तथा व्यवस्थापन गर्न सक्ने ।

## ४। निणर्य हुनुपर्ने व्यहोरा

अजिरकोट गाउँपालिका अन्तर्गतका सामुदायीक बिद्यालयहरुमा कार्यरत गाउँपालिका अनुदानका शिक्षक तथा कर्मचारीहरुको तलबमान तपशिल बमोजिम स्वीकृत गर्ने।

| क्र.सं. | विवरण | संघिय तलब | आ.व. २०८२।०८३ सम्म थप गरिएको | आ.व. २०८३।०८४ मा थप गर्नु पर्ने | २०८३।०८४ मा थप गरेपछी कायम हुने रकम | जम्मा तलब |
|---|---|---|---|---|---|---|
| १ | बाल विकास सहजकर्ता | १२००० | ७५०० | २४०० | ९९०० | २१९०० |
| | बाल विकास सहजकर्ता (गाउँपालिका अनुदान) | | १९५०० | २४०० | २१९०० | २१९०० |
| २ | विद्यालय सहायक (गाउँपालिका अनुदान) | १५००० | ३५०० | ३५०० | ७००० | २२००० |
| | विद्यालय सहायक | | १८५०० | ३५०० | २२००० | २२००० |
| ३ | विद्यालय सहयोगी | १०००० | ८५०० | १००० | ९५०० | १९५०० |
| | | १०००० | ८००० | १००० | ९००० | १९००० |
| | | १०००० | ७००० | १००० | ८००० | १८००० |
| ४ | शिक्षक (गाउँपालिका अनुदान) | | | | | |
| | माध्यमिक तह कक्षा ११-१२ | | | | ५३६११ | ५३६११ |
| | माध्यमिक तह कक्षा ९-१० | | | | ४८०५८ | ४८०५८ |
| | आधारभुत तह कक्षा ६-८ | | | | ३८२०३ | ३८२०३ |
| | आधारभुत तह कक्षा १-५ | | | | ३६१९२ | ३६१९२ |

## प्रस्ताव नं. ३ - अजिरकोट गाउँपालिकाको आ.व. २०८३/०८४ को दररेट तथा नर्म्स स्वीकृत गर्ने ।

## १. पृष्ठभूमी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम सबै स्थानीय तहले आफ्नो अधिकार क्षेत्रधित्रको विभिन्न विकास निर्माण तथा खरिद का कार्य गर्नका लागि पालिका स्तरीय दररेट तथा नर्म्स तोक्नु पर्ने प्रावधान रहेको ।

## २. प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य

अजिरकोट गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को सार्वजनिक विकास निर्माण तथा खरिदका कार्य गर्नका लागि अजिरकोट गाउँपालिका क्षेत्रभित्र लागू हुने गरी स्थानीय दररेट तथा नर्म्स निर्धारण गर्नुपर्ने भएको ।

## ३. निणर्यका आधार र कानूनी व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने प्रावधान रहेको ।

## ४. निर्णय हुनुपर्ने व्यहोरा

अजिरकोट गाउँपालिका क्षेत्रभित्र लागू हुने गरी गोरखा जिल्लाको आ.व. २०८३/०८४ मा निर्धारित जिल्ला दररेटलाई नै कायम गर्नुका साथै संघीय सरकारको स्थानीय पूर्वाधार विभाग, शहरी विकास तथा भवन निर्माण विभाग, सडक विभाग, पुरात्वात्विक विभागको नमर््स स्वीकृत गर्ने । उल्लिखित दररेट बाहेकका सामग्री प्रयोग गर्नुपर्ने अवस्थामा प्रचलित कानूनअनुरुप सरकारी कार्यालयहरुले लागू गरेको दररेट कायम गर्न सकिने साथै आर्थिक वर्षको बीचमा दररेट साथै नर्म्स हेरफेर तथा थपघट गर्नुपरेमा कार्यपालिकाबाट स्वीकृत गरी लागू गर्ने । विभागिय नमर्स उपलब्ध हुन नसक्ने अवस्थामा निर्माण सामग्रीहरुको उत्पादक वा आधिकारिक विक्रेताबाट दरभाउपत्र प्राप्त गरी प्रचलित नियमानुसार कार्यान्वयन गराउन सकिने ।

## प्रस्ताव नं. ४- विविधि

**१. तपसिल बमोजिमको योजना/कार्यक्रमहरुमा निम्न अनुसारको बजेट विनियोजन गर्ने ।**

| क्र. स. | योजनाको नाम | ठेगाना | विनियोजित बजेट (रु) | बजेट शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | नृत्य प्रतियोगिता ( गोरखा डान्स एकेडेमी ) | गोरखा | | | |
| २ | सुनिल घले | अजिरकोट ,४ | ५०००० | | |
| ३ | शव वाहन खर्च | अजिरकोट, ४ | १८०००। | | |
| ४ | शव वाहन खर्च | अजिरकोट, ५ | २४०००। | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | कुमार तामाङ | अजिरकोट, ५ | ५००००। | आर्थिक सहयोग | |
| ६ | विरेन कुमारी गुरुङ | अजिरकोट, ५ | ५००००। | आर्थिक सहयोग | |
| ७ | भलिबल खेलाडी | | ५००००। | खेलकुद कार्यक्रम | |
| ८ | जुलिचोक काप्राफेद विपद् सडक मर्मत | | १,३०,०००। | | |
| ९ | सुक बहादुर परियार | अजिरकोट, ३ | २००००। | आर्थिक सहायता | |
| १० | | | | | |
| ११ | | | | | |

निर्णयः माथि उल्लेखित प्रस्तावहरु सम्बन्धमा छलफल गरी प्रस्तावित निर्णयका व्यहोराहरुलाई सर्